## मिति २०८२ साल आषाढ ०६ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा (ग) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम सर्वसम्मतीले स्वीकृत गरि दोस्रो गाउँसभाको अठारौं अधिवेशन समक्ष पेश गर्ने ।

२) आगामी आ. व. ०८२।०८३ को बजेट निर्माणको लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गरेको सीमा निर्धारण तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेका कार्यक्रम तथा बजेट सर्वसम्मत स्वीकृत गरि दोस्रो गाउँसभाको अठारौं अधिवेशन समक्ष पेश गर्ने ।

३) बिनियोजन ऐन, २०८२, आर्थिक ऐन, २०८२, स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ सम्बन्धी विधेयक स्वीकृत गरि दोस्रो गाउँसभाको अठारौं अधिवेशन समक्ष पेश गर्ने ।

४) मालपोत कार्यालय रसुवाको मिति २०८२।०२।१२ को पत्रानुसार आगामी आ.व. ०८२।०८३ को लागि आमाछोदिङमो गाउँपालिकाको हालको घर तथा जग्गाको न्यूनतम मूल्याङकनमा केहि थपघट गर्नु पर्ने भएमा राय सुझाव पेश गर्न अनुरोध भई आएकोमा आगामी आ.व. ०८२।०८३ को लागि चालु आ.व. ०८१।०८२ को न्यूनतम मूल्याङ्कन दरमा ५ प्रतिशत थप गरि सिफारिस गर्ने ।

आमाछोदिङमो गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गोल्जुङबेशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner